# राष्ट्रिय दुग्ध विकास बोर्ड
## दुग्ध विकास समाचार

राष्ट्रिय दुग्ध विकास बोर्ड बर्ष ११ अंक ०१ श्रावण- कार्तिक २०७४


## कार्यकारी निर्देशकको सन्देश

कृषि नेपालको प्रमुख पेशा हो । कृषिको उप क्षेत्र पशुपालन हो । पशुपालनको पनि उप समुह डेरी हो । डेरी फार्म कृषि तथा पशुपालनको महत्वपूर्ण अंग हो । यसले ग्रामीण गरिबी न्युनीकरण गर्न, स्थानीय स्तरमा खाद्य पोषण आपूर्ति गर्न तथा दुग्ध मूल्य श्रृंखलामा ठूलो योगदान गरेको पाइन्छ । दूध सम्पूर्ण खाद्यपदार्थ (प्रोटिन, चिल्लो, खनिज, कार्बो हाइड्रेट, भिटामिन) हो । दूध तथा दुग्ध पदार्थले शिशु तथा बालबालिकाहरुको शारीरिक तथा मानसिक विकासमा मदत गर्दछ । अन्य उमेरका मानिसहरुलाई समेत दूध एक पुरक खुराक हो । नेपालमा गणतन्त्र स्थापना पश्चात् आर्थिक क्रान्तिको खाँचो रहेको सन्दर्भमा ग्रामिण कृषकहरुको आर्थिक तथा सामाजिक उत्थानका लागि कृषि क्रान्तिमा जोड दिनु आजको अपरिहार्यता हो । दूध उत्पादन तथा बिक्री वितरण कार्य देशैभरी फैलिएका दुग्ध उत्पादक कृषकहरु द्वारा गठीत समूह तथा सहकारी मार्फत हुने गरेको छ । व्यवसायिक दृष्टिकोणले अन्य सहकारी भन्दा दुग्ध सहकारी अग्र स्थानमा रहेको देखिन्छ । दूधले शहर र ग्रामीणबीचको दुरी कम गरी ग्रामीण रोजगारीको सृजना गर्नुका साथै दैनिक करिब ४ करोड रुपैंया शहरबाट गाउँमा भित्रिने गरेको पाइन्छ । दूध व्यवसायले स्थानीय स्तरमा रोजगारीको समेत सृजना गरेको हुनाले नेपाल सरकारले लाइभष्टक (डेरी) लाई प्राथमिकतामा राखेको छ । पशुपंक्षी विकास मन्त्रालयले आउने ३ वर्ष भित्र आत्म निर्भर बन्ने लक्ष्य दूधमा लिइएको छ । राष्ट्रिय दुग्ध विकास बोर्ड नेपाल सरकार द्वारा दुग्ध क्षेत्रको विकास र विस्तारका लागि गठीत एक स्वायत संस्था हो । यसले दुग्ध क्षेत्रको विकास तथा विस्तार गर्न विभिन्न कार्यक्रमहरु गर्दै आएको छ । बोर्डले दुग्ध नीति, २०६४ लाई कार्यान्वयन गर्न पशुपंक्षी विकास मन्त्रालयलाई अनुरोध गर्नुका साथै सो सम्बन्धी कार्यविधि स्वीकृत गर्न पहल गैराखेको छ ।



कैलाश प्रसाद ढुंङ्गेल
कार्यकारी निर्देशक

यसको कार्यान्वयन पश्चात् निजी, सरकारी तथा सहकारी दुग्ध व्यवसायी, उत्पादकहरुलाई टेवा पुग्ने विश्वास लिइएको छ । दुग्ध क्षेत्रमा भए गरेका गतिविधि सरोकार वालासमक्ष पुऱ्याउन बोर्डले महसुस गरी सो को लागि दुग्ध विकास समाचारको नामले चौमासिक रुपमा विगत केही वर्षदेखी प्रकाशन गर्दै आएको छ । यस समाचार पत्रले सरोकारवाला पाठकवृन्दलाई लाभ हुने अपेक्षा गरीएको छ ।

संरक्षक - कैलाश प्रसाद ढुङ्गेल
उप-संरक्षक - बाबु काजी पन्त

## सम्पादक मण्डल

संयोजक : डा. बालक चौधरी
सदस्यहरु : विदुर राई
डा.हसना मैया श्रेष्ठ
दिपेन्द्र अधिकारी
अमोघ काफ्ले
राजेश डि.सी.
नारायण देशार
अजय पोख्रेल
शंकर अधिकारी
डा. रविन्द्र विलास मरहठ्ठा

## राष्ट्रिय दुग्ध विकास वोर्ड

आगामी अंकहरुमा दुग्ध क्षेत्रको गतिविधि तथा सफलताका कथाहरु वोर्डलाई उपलब्ध गराई दिनहुन पाठक वृन्दबाट अपेक्षा गर्दछ ।



## दुग्ध विकास कोष

कृषक, दुग्ध उत्पादक सहकारी संघ संस्था, दुग्ध उद्योग तथा सरोकारवाला निकायहरुको दुग्ध क्षेत्रको विकासका लागि राष्ट्रिय दुग्ध विकास बोर्डले दुग्ध विकास कोष मार्फत सहुलियत व्याजदरमा ऋण उपलब्ध गराइदै आएको छ । यो कोष revolving fund को रुपमा खडा भएको हुदा सवैको पहुच पुग्ने गरी लिइएको ऋणको सावा र व्याज समयमै चुक्ता गर्नु / गराउनु सर्वसाधारानलाई जानकारी गराइन्छ ।

## बोर्डको अध्यक्ष



राष्ट्रिय दुग्ध विकास बोर्ड ऐन, २०४८ को दफा ७ को उपदफा (२) अनुसार राष्ट्रिय दुग्ध विकास बोर्डको अध्यक्षमा पशुपन्छी विकास मन्त्रालयका माननीय मन्त्री श्री सन्त कुमार चौधरीज्यू नियुक्त हुनु भएको छ ।

# आ. व. २०७४/०७५ को कार्यक्रम तथा वजेट

दुग्ध क्षेत्रको विकास तथा वस्तारका लागि चालु आ.व. ०७४/०७५ मा राष्ट्रिय दुग्ध विकास बोर्डलाई जम्मा रु. ६ करोड २३ लाख २८ हजार वरावरको कार्यक्रम तथा वजेट (Table-1) स्वीकृत भएको छ । जस अन्तरगत प्रजिगत खर्च रु. २ करोड ८७ लाख ६२ हजार तथा चालु खर्च रु. ३ करोड ६५ लाख ६६ हजार छुट्ट्याएको छ । गत वर्षको तुलनामा यस वर्षको कूल वजेटको रु.११३५००० (१.७९ प्रतिशत) कम रहेको छ । भत्ता तथा अन्य महगाई बढेसंगै यस वर्षको प्रशासनिक खर्च रु. ३६१९००० (१४.३९ प्रतिशत) ले बढेको छ । तर कार्यक्रम तर्फ रु. ४७५४००० (१२.४ प्रतिशत) ले घटेको छ । यस चालु आ.व. मा गरीने मुख्य मुख्य कार्यक्रमहरु दूध तथा दुग्ध पदार्थको उत्पादन एवं उपभोगमा वृद्धि गर्न जनचेतना कार्यक्रम, दुग्ध उद्योगहरुमा व्यवहारिक चार संहिता लागु गर्ने, अनुगमन गर्ने, प्रशोधित प्याकेट दूधको No Return को लागि अनुगमन गर्ने, दुग्ध पदार्थ उत्पादन विविधिकरण तालिम, गुणस्तरिय चीज उत्पादन तालिम, मिल्क एनालाइजर मर्मत सम्भार तालिम, चिलिङ भ्याट मर्मत तालिम, असल उत्पादन अभ्यास तालिम, अध्ययन अनुसन्धान आदि हुन् ।




नेपाल सरकारबाट आ.व. ०७३/०७४ र ०७४/०७५ को प्राप्त बजेटलाई मुख्य मुख्य कार्यक्रम -तालिम, अनुगमन, अध्ययन अवलोकन भ्रमण, अनुदान तथा विविध शिर्षकहरुमा राखी विश्लेषण गर्दा अनुदान तथा विविध कार्यक्रमहरुमा बाहेक (Table-2) थोरैले वृद्धि भएको देखिन्छ । यस वर्ष विभिन्न शिर्षकहरुमा वजेट छुट्ट्याई दाजेर हेर्दा प्रचारप्रसारमा रु. १४८५००० (४७.२९ प्रतिशत), अध्ययनमा रु. १९५९००० (२०.५३ प्रतिशत) तालिममा रु. ४५५०००० (१२१.३३ प्रतिशत तथा अवलोकन भ्रमणमा रु. ५९०००० (१९.७३ प्रतिशत) ले अधिक रहेको छ । बोर्डबाट सञ्चालित कार्यक्रमहरुको अनुगमनका लागि छुट्ट्याइएको वजेट लगभग बराबर रहेको छ । त्यस्तै विविध कार्यक्रममा गत वर्षको तुलनामा रु. ८१४००० (१६.८१ प्रतिशत) ले कम रहेको



छ । सरोकारवाला निकायहरूको संस्थागत विकासका लागि दिइने अनुदान यस वर्ष कार्यक्रममा समावेश गरिएको छैन् । नेपाल सरकारले आगामी ३ वर्षमा दूधमा आत्म निर्भर वनाउन लिइएको उद्देश्य बमोजिम दुग्ध क्षेत्रको विकास र विस्तारका लागि छुट्ट्याइएको वर्तमान वजेट ज्यादै न्युन रहेको देखिन्छ ।

### ७.१ *Milk Marketing Strategy Study in Nepal*

नेपालको दुग्ध क्षेत्र छरिएर रहेका, साना, असंगठित पशुपालक कृषकहरु मिली वनेको छ । जहाँ पशुपोषण, पशु स्वास्थ्य र पशु उपचारको न्युन व्यवस्था छ । देशमा साना, असंगठीत पशुपालकको वाहुल्यता भएकोले उत्पादन लागत बढि छ । उत्पादन लागतको आधारमा मूल्यको समायो जन हुन नसक्दा पशुपालकहरु मर्कामा परेका छन् । दूधको मापण प्रभावकारी नहुदा र दूधमा मिसावट कार्य हुने भएकाले दूधको गुणस्तर अपेक्षकृत राम्रो नभएको देखिन्छ । यसको प्रत्येक्ष असर दूधको वजार व्यवस्थामा परेको छ । यसका साथै धेरै मध्यस्थकर्ताहिरु समावेश वजार श्रृंखलाको कारणले उपभोकताहरूले महगो मूल्य तिर्दा पनि उत्पादकले लागत समेत उठाउन नसकेको अवस्था छ । नेपालको दुग्ध क्षेत्रको विकास र वजारीकरणका लागि गुणात्मक तथा गुणस्तर दुवैमा ध्यान दिनु पर्ने देखिन्छ । यसका लागि प्रमख ४ कदमहरु (उत्पादन, दुग्ध पदार्थ विकास र विविधिकरण, भौतिक पूर्वाधारमा सहयोग र विकास तथा अन्तराष्ट्रिय वजारीकरण) अगाडि वढाउन आवश्यक रहेको प्रतिविदनमा उल्लेख गरिएको छ । अध्ययन प्रतिविदनमा डेरी क्षेत्रको विकासमा सहयोग पुर्‍याउने मूल्य श्रृंखला (कृषक, संकलन केन्द्र, प्रशोधन केन्द्र तथा वजार) मा देखिएका समस्याहरूको पहिचान गरी सो को समाधान समेत उल्लेखा गरीएको छ ।

### ७.२ *Geo mapping of commercial Dairy Farm and Dairy Processing Industry in Nepal*

पशुपालन (दुग्ध उत्पादन) कार्य सदियौं देखि गर्दै आएको व्यवसाय हो । सन् १९८० को दशक पछि मात्र नेपालमा दूधको खरीद विक्रीका साथै विकासको शुरुवात भएको पाइन्छ । नेपालमा प्रति व्यक्ति दूधको उपभोग्य करिव ७० लिटर रहेको छ । नेपालले अन्तराष्ट्रिय मापदण्ड बमोजिम (करिव ९२ लिटर) पुर्‍याउन लक्ष्य लिइएको छ । उक्त लक्ष्य पछ्याउदै बाटोघाटोको विस्तार संगै गाउँको भन्दा शहर वरपर व्यवसायिक पशुपालन फार्म (डेरी) खुल्ने क्रम जारी छ । तोकेको लक्ष्य प्राप्तीका लागि उत्पादन, प्रशोधन तथा वजारी करणमा जोड दिन आवश्यक रहेको र यो तथ्याँङ्कको सहज पहुचका लागि Geo- mapping मा राखिएको छ । Geo-mapping तयार गर्न बोल कबोल मार्फत softeware तयार गराइएको थियो । Software मा उल्लेख भए अनुसार दूध उत्पादन हुने सम्भावित ४५ जिल्लाहरूका डेरी फार्म, चिलिङ सेन्टर, दुग्ध उद्योग, सङ्लन केन्द्रहरूको database समावेश भएको छ । उक्त Geo-mapping software को निम्न बमोजिमको महत्व रहेको छ ।

- दुग्ध क्षेत्रको विस्तार, वजार विकास र सम्भावित पकेट क्षेत्रको विकास विश्लेषण गर्न सहयोग पुग्ने,
- योजना वनाउन Data-Base को उपयोग हुने तथा यसलाई समयानुकूल अध्यावधिक गर्न सकिने,
- सरल, सहज र पारदर्शी रुपमा तथ्याँक नेपालको मान चित्रमा देखिने,
- संख्याको आधारमा (साना, मझौला, ठुला) डेरी फार्मको पहिचान हुने,
- दुग्ध उद्योग (साना, मझौला, ठुला) हरुको पहिचान हुने,
- डेरी फार्ममा हुने दूध उत्पादनको यकिन हुने,
- गाई भैंसीको उत्पादकत्व यकिन हुने,

#### समावेश भएका तथ्याकहरु

- साना पशुपालन (५ देखि १० गाई वा ५ देखि ९ भैंसी) १५८
- मध्यम पशुपालन (१० देखि ३० गाई वा १० देखि २९ भैंसी) ४७०
- ठुला पशुपालन (३० भन्दा बढि गाई वा भैंसी) १६०

- दुग्ध उद्योग (साना, मध्यम र ठूला) १७२
- चिलिङ्ग सेन्टर १४९
- दुउ.स. संस्था/संकलन केन्द्र ५४२
- उपरोक्त कूल १६५१

## ७.३ दूधको उत्पादन लागत मूल्य सम्बन्धी अध्ययन

बोर्डले नियमित रुपमा दूधको उत्पादन लागत मूल्य सम्बन्धी अध्ययन अनुसन्धान गर्दै आएको छ। बोर्डले Nepal Environment Protection Centre (NEPC), बानेश्वर, काठमाण्डौ मार्फत सेवा करारमा सो अध्ययन गराइएको थियो। अध्ययन प्रतिवेदन अनुसार भौगोलिक क्षेत्रको आधारमा जिल्लाहरुको प्रतिनित्व हुने गरी सिन्धुपाल्चोक, पाँचथर, बागलुङ, बर्दिया र कञ्चनपुर जिल्लाहरुलाई छनौट गरीएको थियो। उक्त जिल्लाका २०० घरधुरीको १० वटा दुग्ध उत्पादक सहकारी संस्थाहरुमा अध्ययन गरीएको थियो। उत्पादन लागत विभिन्न शिर्षकहरु (अचल सम्पतिको ह्रास कट्टि, सञ्चालन खर्च, मर्मत सम्भार खर्च, दाम्लो, डोरी, वाल्टिन खरीद, खानेपानी, घाँस उत्पादन खर्च, दाना चोकर खरीद, औषधी उपचार खर्च, व्याज, विमा शुल्क आदि) को कूल खर्चमा वर्षभरी हुने दूध उत्पादनले भाग गरी आउने खर्च रकम नै प्रति लिटर दूध उत्पादन लागत हो। अध्ययन प्रतिवेदनमा निम्न बमो जिम उल्लेख भएको छ।

- दुग्ध क्षेत्रले कृषि क्षेत्रमा ३३ प्रतिशत र कुल गाह्रस्थ उत्पादनमा ८ प्रतिशतले योगदान गरेको
- अध्ययनमा सहभागी कृषकहरु मध्ये सवै भन्दा बढि (४१.५ प्रतिशत) कृषि क्षेत्रमा संलग्न रहेको
- गाईका सन्दर्भमा औषत दूध उत्पादन लागत मूल्य रु. ४२ र भैंसीको सन्दर्भमा रु. ५६ प्रति लिटर रहेको। दुवैको औषत उत्पादन लागत मूल्य रु.४८.८ प्रति लिटर रहेको
- अध्ययनमा सहभागी कृषकहरु मध्ये सवैभन्दा बढि दुग्ध उत्पादक सहकारी संस्था (६३ प्रतिशत) मार्फत विक्री गरेको पाइएको हो भने बाकीले पसल, निजी दुग्ध उद्योग तथा स्थानीय विक्री गरी राखेको पाइएको।
- दूधालु पशुको उत्पादकत्व ८.८ लिटर रहेको पाइएको।

## ७.४ दश वर्षे दुग्ध विकास योजना

दश वर्षे दुग्ध विकास योजना दुग्ध क्षेत्रको विकासको लागि एक ऐना हो। यसमा देशमा वर्षेनी मानिसको वृद्धिसंगै दूधको उत्पादन, माग, आपूर्ति तथा उपभोगको वारेमा प्रक्षेपण गरेको छ।

पशुपन्छी विकास मन्त्रालय गठन भएपछि मन्त्रालयद्वारा २०७२/१०/१३ मा सार्वजनिक गरिएको ४० बुंदे प्रतिबद्धतापत्रमा उल्लेख भएको/दूधको माग र आपूर्ति अध्ययन गरी दूध उत्पादनको आंकलन र प्रक्षेपणको आधारमा दुग्ध प्रशोधन, उत्पादनमा विविधिकरण र बजारीकरणलाई समयानुकूल र किसानमैत्री बनाउन दश बर्षे राष्ट्रिय दुग्ध बिकास योजना तयार पार्न रा.दु.वि.बोर्डका कार्यकारी निर्देशकको संयोजकत्वमा सरोकारवालाहरु सम्मिलित एक कार्यदलको गठन गरी प्रतिवेदन तयार पारेको हो। प्रतिवेदनमा दुग्ध विकास योजनाको सन्दर्भ, लक्ष तथा उद्देश्य, भविष्यको दूधको आवश्यकता र आपूर्तिको अनुमान सम्वन्धी उल्लेख भएको छ। त्यस्तै आवश्यकतालाई पूर्ति गर्न विभिन्न ११ वटा योजना तथा कार्यक्रमहरु गर्नु पर्ने सुझावमा उल्लेख गरेको छ।

### योजना तथा कार्यक्रमहरु

योजना १: दूध उत्पादन तथा उत्पादकत्वमा बृद्धि
योजना २: दूध संकलनमा बृद्धि
योजना ३: कच्चा तथा प्रशोधित दूधको उपयुक्त मूल्य निर्धारण पद्धतिको कार्यान्वयन
योजना ४: दूध तथा दुग्ध पदार्थहरुको गुणस्तरमा सुधार
योजना ५: आन्तरिक वजारको प्रवर्द्धन
योजना ६: उत्पादन विविधीकरण
योजना ७: जनशक्ति विकास
योजना ८: याक चीज उत्पादनमा सुधार
योजना ९: अनुगमन तथा मूल्यांकन एवं तथ्यांक व्यवस्थापन
योजना १०: संस्थागत क्षमता विकास

योजना ११: दुग्ध पशुहरूबाट हरित गृह ग्यासको उत्सर्जनमा कमी र जलवायु परिवर्तनको अनुकुलन क्षमता बृद्धि

उपरोक्त योजना प्रभावकारी रुपमा संचालन भए नभए तथा परिमार्जन गर्नु पर्ने योजना कार्यान्वयन, अनुगमन तथा मूल्याँकन व्यवस्था सम्बन्धि प्रतिवेलनमा उल्लेख भएको छ ।

## ८. अनुगमन

वोर्डले विगत वर्षदिखी गर्दै आएको कार्यक्रमहरु (ऋण लगानी, अनुदान सहयोग, तालिम, भ्रमण, प्रविधि विकास ईत्यादि) संचालन गर्दै आईरहेको छ । संचालन गरिएका कार्यक्रमहरुको लक्ष्य बमोजिम उपलव्धी भए/नभएको सम्वन्धमा यथार्थ विवरण थाहा पाउनका लागि अनुगमन गरीएको थियो । उपलव्ध गराईएको ऋणबाट उद्देश्य अनूरुप कार्य संचालन भए नभएको सम्वन्धमा र अनुदान प्राप्त गरे को दुग्ध उपकरणहरुको उपयोगिता सम्वन्धमा गरिएका विभिन्न अनुगमन कार्यको प्रतिविदनबाट अधिकांश संघ/संस्था तथा उद्योग हरुले उद्देश्य अनूरुप दुग्ध व्यवसाय संचालन गरी स्थानीय स्तरमा दूध तथा दुग्ध पदार्थ विक्री गरी मूनाफा आर्जन गरेको देखिन्छ । यसबाट दुग्ध उत्पादक कृषकहरु एवं उद्योगीहरु लभान्वित भएका छन् । प्राप्त प्रतिविदनबाट वजार पायक पर्ने अधिकांश संघ/ संस्था तथा उद्योगहरुले उद्देश्य अनूरुप दुग्ध व्यवसाय संचालन गरी स्थानीय स्तरमा दूध तथा दुग्ध पदार्थ विक्री गरी मूनाफा आर्जन गरेको देखिन्छ । यसबाट दुग्ध उत्पादक कृषक एवं उद्योगीहरु लभान्वित भएका छन् । यसका साथै दुग्ध उद्योगहरुमा व्यवहारिक आचार संहिता लागु भए नभएको सम्वन्धमा पनि देशका विभिन्न भागमा रहेका दुग्ध उद्योगहरुको अनुगमन गरिएको थियो ।

## बोर्डको कार्यकारी समिति

नेपाल सरकारले राष्ट्रिय दुग्ध विकास बोर्ड ऐन, २०४८ को दफा ७ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय दुग्ध विकास बोर्डको कार्यकारी समितिमा खण्ड ६२, संख्या ३८, मिति २०६९/०९/०९ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित कृषि विकास मन्त्रालयको सूचना खारेज गरी खण्ड ७६, संख्या १४ नेपाल राजपत्र भाग ५ मिति २०७४/०३/१९ को कार्यकारी समिति निम्नानुसार गठान गरेको छ ।

| क्र.स | पद | नाम र ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | अध्यक्ष, | माननीय पशुपंक्षी विकास मन्त्री | |
| २ | उपाध्यक्ष | सचिव, पशुपंक्षी विकास मन्त्रालय | |
| ३ | सदस्य | सहसचिव, पशुपंक्षी विकास मन्त्रालय | |
| ४ | सदस्य | प्रतिनिधि (सहसचिव स्तरिय), अर्थ मन्त्रालय | |
| ५ | सदस्य | महानिर्देशक, पशु सेवा विभाग | |
| ६ | सदस्य | महानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | |
| ७ | सदस्य | रजिष्ट्रार, सहकारी विभाग | |
| ८ | सदस्य | महाप्रवन्धक, दूग्ध विकास संस्थान | |
| ९ | सदस्य | कृषक प्रतिनिधि २ जना, केन्द्रिय दुग्ध सहकारी संघ | |
| १० | सदस्य | प्रतिनिधि, केन्द्रिय पशुपन्छी पालन सहकारी संघ लि.निर्वाचित कृषक | |
| ११ | सदस्य | मनोनित सदस्य २ जना, निजी, सरकारी साझेदारीमा सञ्चालित पशुपालन फार्म | |
| १२ | सदस्य | अध्यक्ष, निजी डेरी एशोशिएसन | |
| १३ | सदस्य | प्रतिनिधि, उद्योग वाणिज्य संघ | |
| १४ | सदस्य | मनोनित, पेशागत वा विषय विशेषज्ञ | |
| १५ | सदस्य सचिब | कार्यकारी निर्देशक, रा.दु.वि.बोर्ड | |

# राष्ट्रिय डेरी विकास बोर्ड, आनन्दको उच्च स्तरिय अध्ययन भ्रमण

नेपालमा दुग्धव्यवसाय आर्थिक सामाजिक रुपान्तरणका लागि प्रतिवद्ध छन् । कूलगार्हस्थ उत्पादनमा दुग्ध क्षेत्रको योगदान अधिक रहेको छ । पशुपंक्षीविकास मन्त्रालयको स्थापनासंगै आउने ३ वर्षमा नेपाल दूधमा आत्मनिर्भर बन्ने उद्देश्यलिइएको छ । दूधमा आत्मनिर्भर भन्नाले देशलाई आवश्यक पर्ने दूधको मात्र स्वदेशमैं उत्पादनहुनु पर्ने भन्ने वुझिन्छ । उत्पादित दूध तथा दुग्धपदार्थको गुणस्तर ग्यारेन्टि हुनु पर्ने तथाउपभोक्ताको पहुच सहजहुनु पर्ने आदि पर्न जान्छ । यसरी दूध क्षेत्रको समष्टिगत विकास गर्ने एक चुनौति पनि हो ।



चित्र १: डेरी विकास बोर्डका कर्मचारीहरुका साथ

सहकारीको माध्यमबाट संचालित दुग्ध क्षेत्र विश्वकै एक प्रथम स्थानमा रहेका छिमेकी मुलुक भारतले प्रविधि, उत्पादन तथा निर्यातमा ठूलो प्रगति गरेको हुनाले सो को अध्ययन गरी नेपालले पनि आत्मनिर्भर बन्नमदतपुग्ने हुनाले डेरी क्षेत्रको आध्ययन भ्रमण गर्ने उद्देश्य थियो ।




चित्र २:मदर डेरीका दिल्लीका पदाधिकारीहरुसंग

राष्ट्रिय डेरी वोर्ड भारतले अवलम्वन गरेका योजना तथा कार्यक्रम अध्ययन गर्न राष्ट्रिय दुग्ध विकास बोर्डको कार्यकारी निर्देशक श्री कैलास प्रसाद ढुङ्गेलको नेतृत्वमा ८ सदस्यीय उच्च स्तरिय टोलि (पशुपन्छी विकास मन्त्रालयबाट २ र बाकी राष्ट्रिय दुग्ध विकास बोर्ड) ले राष्ट्रिय डेरी विकास बोर्ड, आनन्द तथा सो संग सम्बन्धित, Center of Analysis and Learning in Livestock and Food (CALF), Mujkuwa Milk producers' cooperative society Ltd., MujkuwaAnand Milk Union Ltd. (AMUL), Gujrat/ Mother Dairy, Delhi Indian Dairy Machinery Company (IDMC), Nandni Mother Dairy, Banglaur को ७ दिने (चित्र १, २ र ३)अध्ययन भ्रमण गरियो । भारतले डेरी क्षेत्रमा अपनाएका प्रविधि, भौतिक श्रोत र साधन अनुकरणीय रहेको टोलिको भनाई छ । नेपालले पनिक्रमिक रुपमायसको अवलम्वन गरेमाआउने केही वर्षमा दूधमा आत्मनिर्भर बन्न सक्ने विश्वास लिइएको छ ।

## सिफारिस एवं राय सुझाव

छिमेकी राष्ट्र भारतको डेरी क्षेत्रको विकास उल्लेखनीय रुपमा भएको छ । साधन, श्रोत, प्रविधि तथा वजार व्यवस्थाको धनी भएकै कारण यस क्षेत्रमा द्रुततर प्रगति भएको हो । अर्को तर्फ दुग्ध क्षेत्रको विकासका लागि स्थापित राष्ट्रिय डेरी विकास वोर्डले अनुसन्धानात्म कार्यहरु गर्नुका साथै ठोस ऐन, नियम वनाउने संस्थाको रुपमा खडा भएको छ । यसै गरी राष्ट्रिय दुग्ध विकास बोर्डले तत्काल देहाय बमोजिम योजना तथा कार्यक्रम अगाडि सार्नु सान्दर्भिक हुनेछ ।

- प्राविधिक क्षमता विकासका लागि सम्वन्धित निकाय मार्फत राष्ट्रिय डेरी विकास बोर्ड आनन्द संग MOU अगाडि बढाउने ।
- दुग्ध क्षेत्रमा अध्ययन र अनुसन्धान गर्न बोर्डले योजना तथा कार्यक्रम ल्याउनु पर्ने । उक्त योजना तथा कार्यक्रम नेपाल कृषि अनुसन्धान परिषद्संग मिली संयुक्त रुपमा गर्ने ।
- दुग्ध क्षेत्रसंग सम्वन्धीत data base खडा गर्ने ।
- अन्य डेरी तथा सहकारी संस्थाहरुमा आवश्यक सक्षम डेरी प्राविधिक आपूर्ति गर्न बोर्डले डेरी तालिम केन्द्रको स्थापना गर्नु पर्ने ।


चित्र ३: IDMC आनन्दका कर्मचारीसंग छलफल

प्रकाशक

**राष्ट्रिय दुग्ध विकास बोर्ड**

हरिहरभवन, पुल्चोक, ललितपुर

पो.ब.नं. ५९०१ काठमाडौं, फोन : ५५२५४००, ५५४२७४१

फ्याक्स : ५५३२०९६, e-mail:nddbnepal@mail.com, web:www.nddb.gov.np